PRABHU BANK

## Bancassurance सम्झौता सम्बन्धी प्रेस विज्ञप्ती :

आज मिति २०७१ माघ २२ गते बिहीबारका दिन प्रभु बैंक लिमिटेड र राष्ट्रिय बीमा संस्थानका विच Bancassurance सम्बन्धी सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता-पत्रमा प्रभु बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अशोक शेरचन र राष्ट्रिय बीमा संस्थानका तर्फबाट प्रशासक श्री आश्विनी कुमार ठाकुरले हस्ताक्षर गर्नुभएको हो ।

उक्त सम्झौता पश्चात् प्रभु बैंक लिमिटेडका विद्यमान ६,५०,००० भन्दा बढि ग्राहकहरु तथा आगामी दिनमा प्रभु बैंक लिमिटेडमा खाता खोल्ने सम्पूर्ण ग्राहकहरुले बैंकका जुनसुकै शाखा कार्यालयहरु मार्फत् आफ्नो जीवन बीमा गर्न र सोको प्रिमियम रकम बुझाउन सक्नेछन् । प्रभु बैंक लिमिटेडले ग्राहकहरुको सुविधालाई ध्यानमा राख्दै राष्ट्रिय बीमा संस्थानसँगको सहकार्यमा आफ्ना ग्राहकहरुलाई बीमा सम्बन्धी सेवा पनि उपलब्ध गराउन लागेको हो । यसबाट ग्राहकहरु लाभान्वित हुने बैंकले विश्वास लिएको छ ।

धन्यवाद ।

मिति २०७१/१०/२२ गते